आज मिति २०७७ श्रावण २८ गते बुधवारका दिन बिहान ८.०० बजे यस लमही नगरपालिकाका नगरप्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री तुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री टोपेन्द्र बहादुर के.सी. | सदस्य सचिव | |

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## मिति २०७७।०४।२८ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १ :** कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि अत्यावश्यक भएका सुरक्षा सामग्रीहरु सर्जिकल ग्लोब्स, इक्जामिनेसन ग्लोब्स, पि.पी.इ, सर्जिकल मास्क, N95 मास्क, सोडियम हाइपोक्लोराइड, स्यानिटाइजर, भि.टि.एम., मेडिकल चस्मा, शु-कभर, फे सिल्ड, सर्जिकल क्याप, सेनेटरी प्याड आदि तत्काल उपलब्ध गराउन आवश्यक भएकाले त्यस्ता सुरक्षा सामग्रीहरु दरभाउपत्रको माध्यमवाट खरिदको लागि स्वीकृति दिने ।

**निर्णय नं. २ :** कोभिड १९ को महामारीको समयमा आइसुलेसन र स्वाव संकलनमा खटिने स्वास्थ्यकर्मी र कोभिड १९ का संकास्पद विरामी तथा संक्रमितलाई ओसार पसार गर्ने सवारीसाधनका चालकलाई उनिहरुले खाईपाइआएको तलबको सत प्रतिशत तथा स्वास्थ्य संस्था, खोप किल्निक, प्रसुतीकक्षमा अग्रपंतीमा खटिने स्वास्थ्यकर्मी, सफाईकर्मचारी तथा विभिन्न वडामा संचालन गरिएका क्यारेन्टिनको व्यवस्थापनको गर्न कार्यालयले खटाएका कर्मचारीलाई खटिएको अवधिभरको लागि उनिहरुले खाईपाइआएको तलबको पचास प्रतिशतका दरले जोखिम भत्ता उपलब्ध गराउने ।

**निर्णय नं. ३ :** लमही नगरपालिकाको आ.व. २०७७०७८ को लागि नगरस्तरीय दररेट स्वीकृत गर्ने ।

**निर्णय नं. ४ :** लमही नगरपालिकाको सातौं नगरसभावाट पारित भएको पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्वन्धी निर्देशिका, २०७५ मा भएको संशोधन बमोजिम पुराना भवनहरुको अभिलेखिकरणको लागि कोभिड १९ को सङ्क्रमणलाई मध्यनजर गर्दै उपयुक्त समयमा सार्वजनिक सूचना जारी गरी कार्य अगाडि बढाउन स्वीकृति दिने ।

**निर्णय नं. ५ :** यस लमही नगरपालिकाको लमही नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

**निर्णय नं. ६ :** सेविका कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सीबाट नदीजन्य पदार्थ उत्खनन्को ठेक्का वापत मिति २०७७।०१।२८ मा कम्प्युटर रसिद नं. १०९४ वाट रु. ८ लाख जम्मा भएकोमा मिति २०७७।०३।१५ मा कम्प्युटर रसिद नं. ११९४ वाट सोहि कम्पनीको नाममा भुलवस पुनः रु. ८ लाखको आम्दानी रसिद जारी भएकाले भुलवस जारी भएको पछिल्लो रसिद नं. ११५४ लाई रद्द गर्ने ।

**निर्णय नं. ७ :** यस लमही नगरपालिकावाट प्रवाह भएका सेवा तथा योजना लगायतका सार्वजनिक सरोकारका विषयमा स्पष्ट पार्न कोभिड १९ को सङ्क्रमणलाई मध्यनजर गर्दै उपयुक्त समयमा सार्वजनिक सुनुवाई आयोजना गर्ने ।

**निर्णय नं. ८ :** यस नगरपालिकामा कार्यक्षेत्र भएको श्री दियो बचत तथा ऋण सहकारी संस्था लि. र राप्ती गा.पा.मा रहेको हरियाली बचत तथा ऋण सहकारी संस्था लि. लाई नियमानुसार एक-आपसमा एकीकरण गर्न र यस नगरपालिकामा सेवा केन्द्र स्थापनाको लागि श्री भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय, ५ नं. प्रदेश, बुटवलमा सिफारिस गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner